बैठक संख्याः ६।२०८०
बैठक मितिः २०८०।०२।३१
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८०।०२।३१ गते बुधबारका दिन बिहान ११ : ०० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | तारा महत (भट्टराई) | नगर उप प्रमुख | |
| ३ | जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | लक्ष्मी प्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | लालमाया जिमी | कार्यपालिका सदस्य | |
| १३ | विष्णुमाया मगर | कार्यपालिका सदस्य | |
| १४ | मिता राई | कार्यपालिका सदस्य | |
| १५ | देवकुमारी कार्की | कार्यपालिका सदस्य | |
| १६ | प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १७ | अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १८ | इन्द्र बहादुर बयलकोटी | कार्यपालिका सदस्य | |
| १९ | रुद्र बहादुर सूनुवार | कार्यपालिका सदस्य | |
| २० | पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | कमलमणि थापा | प्रशासकीय अधिकृत | |
| २ | बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| ३ | | | |

बैठक संख्याः ६।२०८०
बैठक मितिः २०८०।०२।३१
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल

प्रस्तावहरुः

१. प्रस्ताव नं. १ : आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : योजना सञ्चालन सम्बन्धमा ।
३. प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १ :

आगामी आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भए बमोजिम नगर उपप्रमुख श्री तारा महत (भट्टराई) ज्यूको संयोजकत्वमा गठित समितिबाट वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा दुई दिनभित्रमा तयार गरी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा दशौं नगरसभाको बैठक मिति २०८०।०३।०७ गते बिहिबार बिहान १०:०० बजे श्री सिंहेश्वरी माध्यमिक विद्यालयको हल, मुडेशनिश्चरेमा बस्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

चालु आर्थिक वर्ष २०७९।०८० को लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त सुरुको सिलिङ्ग बजेटमा हाल आएर पुँजीगत अनुदान बजेट रकम घटेर प्राप्त भएकोले सम्झौता हुन बाँकी योजनाहरु हाल स्थगित गर्ने र सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरु २०८० आषाढ १० गते सम्ममा सम्पन्न गरी भुक्तानीको लागि फाइल पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :

नगर कार्यपालिकाको अर्को बैठक मिति २०८०।०३।०१ शुक्रबारका दिन अपरान्ह १२:३० बजे धर्मदेवी नगर कार्यपलिकाको कार्यालयको सभाहलमा बस्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा धर्मदेवी नगरपालिका अन्तर्गतका ९ वटै वडाहरुमा योजना तर्जुमाको लागि योजना माग फाराम र देहाय बमोजिमको मार्गदर्शन पठाउने निर्णय गरियो ।

बैठक संख्याः ६।२०८०
बैठक मितिः २०८०।०२।३१
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल

## मार्गदर्शन

१. टोल/वस्तिका आयोजना/कार्यक्रम छनौटका लागि वडा समितिले निर्णय गरी वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।

२. आयोजना/कार्यक्रम छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लष्टर निर्माण गरि सबै नागरिकलाई योजना छनौटको टोल/वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

३. आयोजना/कार्यक्रम छनौट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सिमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण सहभागिता हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४. नागरिक समाजका संस्थाहरु, महिला, आमा समुहहरु, बाल क्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघसंस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, वडा नागरिक मंचहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

५. वडास्तरबाट माग नभएका तर नगरस्तरमा महत्वपूर्ण देखिएका आयोजना, कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकीकरणको सूचीमा राखी पठाउन सकिनेछ ।

<u>वडास्तरीय योजना छनौट गर्दा देहायमा उल्लिखित विषय क्षेत्रहरुलाई समेट्नु पर्नेछ</u> ।

१. सार्वजनिक पार्क, मनोरन्जन स्थल तथा बाल उद्यानको निर्माण तथा संचालनको व्यवस्था
२. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन
३. पुस्तकालय,वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव, बालभेला तथा बालसंजालको संचालन र व्यवस्थापन
४. वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको संचालन तथा व्यवस्थापन
५. बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटाभिन ए लगायत खोप कार्यक्रमको संचालन र ब्यवस्थापन
६. पोषण कार्यक्रमको संचालन तथा समन्वय
७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम संचालन
८. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन
९. सार्वजनिक शौचालय, प्रतिक्षालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन
१०. वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियन्त्रण
११. एम्बुलेन्स तथा शव वाहन सेवा संचालन तथा व्यवस्थापन
१२. घरबाट निकास हुने फोहोरमैला संकलन र ब्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेको जनावरको ब्यवस्थापन, सतही पानीको निकास तथा पानीको श्रोत संरक्षण

बैठक संख्याः ६।२०८०
बैठक मितिः २०८०।०२।३१
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल

१३. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमसञ्चालन
१४. कृषि मलको माग संकलन
१५. कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने र रोग नियन्त्रण कार्यक्रम संचालन
१६. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन
१७. वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन
१८. स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामुलक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन
१९. स्थानीय मौलिकता झल्किने सांस्कृतिक रितीरिवाजलाई संरक्षण तथा प्रवर्द्धन
२०. वडाभित्र खेलकुद पुर्वाधारको विकास
२१. अन्तर बिद्यालय तथा बाल क्लव मार्फत खेलकुद कार्यक्रमको संचालन
२२. वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग
२३. वडा भित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमणमा रोक
२४. घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान
२५. वडाभित्र घरेलु उद्योग प्रवर्द्धन
२६. वडालाई बालमैत्री बनाउने
२७. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्य
२८. बालविवाह, महिला विरुद्धको हिंसा, बोक्साबोक्सी,,छुवाछुत, दहेज तथा दाईजो, बालश्रम, लैंगिक भेदभाव, मानव वेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य
२९. असक्त विरामी भएको वेवारिस वा असहाय ब्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधी उपचारको व्यवस्था
३०. असहाय वा बेबारिसे ब्यक्तिको मृत्यु भएका दाह संस्कारको ब्यवस्था
३१. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन
३२. वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार
३३. वडालाई वातावरणमैत्री बनाउने तथा जलवायु परिवर्तन अनुकुलनका कार्यहरु
३४. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, बिद्यार्थी भर्ना, पुर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु

बैठक संख्याः ६।२०८०
बैठक मितिः २०८०।०२।३१
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल

विषयगतक्षेत्र र उपक्षेत्रहरु

| क्र.स | विवरण | प्रतिशत | रकम | समेटनु पर्ने क्षेत्रहरु |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | | | कृषि (कृषि आधुनीकिकरण, बाली विकास कार्यक्रम, आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम, सहकारी खेती, साना सिचाई तथा मल विउ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम), पशु (बंगुर तथा कुखुरा पालन, सहकारी कार्यक्रम, पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम, पशु आहार विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम, पशु विकास सेवा कार्यक्रम), उद्योग तथा बाणिज्य, पर्यटन (पर्यटन पुर्वाधार विकास कार्यक्रम), सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | | | लक्षित वर्ग - (महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति, दलित, आदिवासी जनजाती, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि)(शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन-(ऐतिहासिक पुरातात्विक धार्मिक स्थलहरुको संरक्षण), लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सशक्तिकरण खेलकुद, युवा लक्षित कार्यक्रम |
| ३ | पूर्वाधार विकास | | | सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिदुत (बैकल्पिक उर्जा समेत), संचार |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | | | वन तथा भु संरक्षण (बृक्षारोपण, नर्सरी ब्यवस्थापन), जलाधार, संरक्षण, वातावरण संरक्षण, जलबायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, ल्याण्डफिल साईट, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन वारुणयन्त्र संचालन |
| ५ | सुशासन तथा संस्थागत विकास | | | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत,नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण,सार्वजनिक परीक्षण, सूचना तथा संचार ब्यवस्थापन |